# शङ्खनाद

(संयुक्त गजल सङ्ग्रह)

तपेन्द्रबहादुर मलाती ‘अवशेष’/ दिला शाह
नेमबहादुर शाही / मन भण्डारी /मुना विष्ट

**शङ्खनाद**


| | | |
|---|---|---|
| विधा | : | गजल |
| रचनाकारहरु | : | तपेन्द्रबहादुर मलाती ‘अवशेष’, दिला शाह, नेमबहादुर शाही, मन भण्डारी र मुना विष्ट |
| प्रकाशक | : | बास, नेपाल |
| आवरण कला | : | विक्रम शिशिर |
| प्रकाशन मिति | : | २०७८ भाद्र |
| प्रकाशन प्रति | : | ५०० थान |
| मूल्य | : | व्यक्तिगत रु.१००।–/ संस्थागत रु. ३००।– |
| सर्वाधिकार | : | रचनाकारमा |


# Shangkhanad

[A joint gazal collection by Tapendra Bahadir Malati 'avshesh', Dila Shah, Nem Bahadur Shahi, Man Bhandari and Muna Bista— 2021 September]

# प्रकाशकीय

## भ्रष्टाचार विरुद्धको गजलसङ्ग्रह 'शङ्खनाद'

बास विगत २० बर्षदेखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल गैरसरकारी संस्था हो । २०५७ साल मंसिर २४ गते स्थापित यो संस्था देशमा व्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, घुसखोरीजस्ता बेथितिका विरुद्ध सशक्त रुपमा क्रियाशिल रहँदै आएको छ । ७३ जिल्ला शाखा, १०० उपशाखा, २० ईकाई र ५ हजारभन्दा बढि युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, सामुदायिक सशक्तिकरण, सञ्चार र संस्थागत विकासका क्षेत्रमा काम गर्दै आईरहेको छ । बास भ्रष्टाचार विरुद्धको बिश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईण्टरनेशन नेपालको आबद्ध संस्था हो ।

देशमा विभिन्न किसिमका परिवर्तनहरुले फड्को मारिसक्दा पनि समाज भ्रष्टाचारबाट अछुतो हुन सकेको छैन । देशमा जब अन्याय, अत्याचार र थिचोमिचोका घटनाहरु बढ्दै जान्छन् तब नागरिकहरु आफ्नो हक, हित र अधिकारको लागि आन्दोलित हुँदै अएको इतिहास हाम्रो अगाडि साक्षी छ । नेपाली जनताको अधिकार सुनिश्चित गर्ने नाममा नेपालमा धेरै किसिमका आन्दोलनहरु भए तापनि नेपाली जनताले न त सुशासनको प्रत्याभूति गर्न पाएका छन्, न त दिगो विकासको अनुभूति नै । समाज भ्रष्टाचारबाट ग्रसित छ । जस्तोसुकै कठिन परिस्थितिमा पनि भ्रष्टाचार विरुद्धको अभियानलाई सशक्त रुपमा अगाडि बढाउँदै आइरहेको बासले विभिन्न सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था र विभिन्न निकायहरु संगको सहयोग, सहकार्य र समन्वयमा काम गर्दै आएको छ ।

साहित्य समाजको ऐना हो, यसले समाजको अनुहार देखाउँछ । साहित्यका माध्यमबाट समाजका विकृति र बिसङ्गतिका विरुद्ध निर्मम प्रहार गर्न सकिन्छ भन्ने कुरा महसुस गर्दै बास, नेपालले साहित्यका माध्यमबाट भ्रष्टाचार विरुद्ध निरन्तर आवाज उठाउँदै आएको छ । यसै क्रममा बाससँग आवद्ध ५ जना सृजनशिल युवाहरुको भ्रष्टाचार विरुद्धको सङ्युक्त गजलसङ्ग्रह शङ्खनाद प्रकाशन गर्न लागेको छ ।

भ्रष्टाचार विरुद्धको अभियानमा संलग्न बासका निवर्तमान अध्यक्ष मन भण्डारी, कार्यबाहक कोषाध्यक्ष दिला शाह, पूर्व केन्द्रीय सदस्य नेमबहादुर शाही, जनसम्पर्क अधिकृत मिना विष्ट (मुना) र सक्रिय सदस्य तपेन्द्रबहादुर मलाती 'अवशेष' का गजलहरु यस गजल संग्रहमा संग्रहित छन् । यो संग्रह गजलकारहरुका लागि स्वर्णीम कृति मात्र नभई यो समाजका लागि समेत सन्देशमुलक ग्रन्थ हुने छ भन्ने अपेक्षा लिएका छौं ।

यस गजलसङ्ग्रहको परिकल्पना गर्ने बासका कार्यकारी निर्देशक नमस्कार शाह, गजलहरु हेरेर भूमिका लेखिदिने वरिष्ठ साहित्यकार खगेन्द्र गिरि 'कोपिला' सहित प्रकाशनमा सहयोग गर्ने सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दछौं । यहाँहरुको सकारात्मक प्रतिकृयाको अपेक्षा सहित धन्यवाद ।

**– रमेश सिटौला**
केन्द्रीय अध्यक्ष, बास

# सुशासनको शङ्खनाद

युवाहरुको समाज सुधार्ने अभिलाषा र सुनौलो भविष्यको कामनाले छचल्किने भावनाहरु पोख्ने सहज माध्यम बनेको छ आजभोलि गजल । गजलको चोटिलोपना र घतलाग्दो अभिव्यक्तिले गजलमा ढालिने उद्‌गार हरुलाई श्रुतिमधुर र कटाक्षपूर्ण बनाइदिन्छ ।

गजलमार्फत सामाजिक सुधारका मनोकाङ्क्षा र राजनैतिक शुद्धिकर णका चाहनाहरु बोकेर गजलसङ्ग्रह प्रकाशनको सङ्घारमा उभिएका छन्– तपेन्द्रबहादुर मलाती 'अवशेष', दिला शाह, नेमबहादुर शाही, मन भण्डारी र मुना विष्ट । यी सिर्जनशील युवाहरुका ढुकढुकीहरुको साकार रुप हो प्रस्तुत गजलसङ्ग्रह शङ्खनाद ।

यसमा नेमबहादुर शाहीका १४ वटा र तपेन्द्र मलाती, दिला शाह, मन भण्डारी तथा मुना विष्टका १०/१० वटा गरी कुल ५४ वटा गजल समावेश छन् । भ्रष्टाचार निर्मुल गरी समाजमा सुशासन कायम गर्ने अभिप्रायले क्रियाशील वागेश्वरी असल शासन नामक संस्थाले यसको प्रकाशन गरी यी युवाहरुका गजलरुपि उद्‌घोषहरुलाई पुस्तकाकार प्रदान गरेर प्रशंसनीय काम गरेको छ ।

'देशको व्यवस्था बदलियो व्यवहार बदलिएन ।
सरकारमा व्यक्ति बदलिए अत्याचार बदलिएन ।'

यसै सङ्ग्रहभित्रको मन भण्डारीको शेर हो यो । यस शेरले प्रत्येक नेपालीहरुको मनको साझा भावनालाई अभिव्यक्ति दिएको छ । यस्ता थुप्रै शेर हरुले प्रस्तुत सङ्ग्रह भरिएको छ ।

गजल एउटा शास्त्रिय विधा हो । यसका आफ्नै संरचनात्मक नियमहरु हुन्छन् । कुनै न कुनै छन्द वा बहरको मेलो समातेर गजल लेख्नु पर्ने यसको पुरानो मान्यता हो । नेपाली गजलको सन्दर्भमा गजलका चारवटा स्वरुप भेटिन्छन् । पहिलो शैलीमा पर्छन् बहर वा छन्दमा लेखिएका गजल । दोस्रो शैलीमा पर्छन् लोकलयका लेखिएका गजल । तेस्रो शैलीमा पर्छन् आक्षरिक लयमा लेखिएका गजल । यसका साथै चौथो शैलीको रुपमा स्वतन्त्र शैलीमा गजल लेख्ने प्रचलन पनि नेपाली साहित्यमा सशक्त रुपले विकास भएको छ । माथि उल्लेखित जुन शैलीमा गजल लेखे पनि त्यस्तो गजल चोटिलो, घतलाग्दो, अर्थपूर्ण र सुन्दा, पढ्दा आनन्द दिने खालको हुनै पर्छ । त्यसो भएन भने त्यो गजल नभएर अक्षरको थुप्रो मात्रै हुन जान्छ ।

प्रस्तुत गजलसङ्ग्रह 'शङ्खनाद' मा समेटिएका गजलहरु स्वतन्त्र शैलीमा लेखिएका छन् । कतिपय गजलमा लय दिने प्रयत्न पनि गरिएको छ । विचार र भावनाले आफ्ना गजललाई सशक्त बनाउने प्रयत्न पनि हरेक स्रष्टाले भरमग्दुर गरेकै छन् । विशेषतः यी गजल राजनिति र प्रशासनमा व्याप्त भ्रष्टाचारको विरुद्धमा लेखिएका हुन् । त्यसकारण हरेकजसो गजलको मूल स्वर समाज सुधार नै रहेको देखिन्छ ।

आफूले देखेका, भोगेका, व्यहोरेका कुराहरुले हरेक चेतनशील प्राणीलाई कुनै न कुनै रुपमा छोएकै हुन्छ । आफ्नो वरिपरिका विकृति, विसङ्गति र बिडम्बनाहरुले पनि हरेक संवेदनशील मनलाई आहत बनाउँछ । समाजमा व्याप्त भ्रष्टाचार, प्रताडना र अमानवियताप्रति हरेक जिम्मेवार नागरिकमा आक्रोश हुन्छ । राजनितिको नाममा हुने ठगी र जनसेवाको नाममा हुने बेइमानीका विरुद्ध हरेक व्यक्तिमा असहमति हुन्छ । प्रस्तुत सङ्ग्रह 'शङ्खनाद' यिनै विषयस्तुको वरिपरि घुमेको छ । पाँचै जना गजलकारहरुले आफ्ना अभिव्यक्तिमा सामाजिक सरोकारका विषयबस्तुलाई जति मुखर रुपमा उठाएका छन् आफ्ना गजलमा साहित्यिक पुट दिन पनि त्यत्तिकै प्रयत्न गरेका छन् । केही गजलका शेरमा प्रकट भएको अनुभूतिको तिव्रतालाई हेरौं । तपेन्द्रबहादुर मलाती 'अवशेष' लेख्छन् :–

'न  सीमा राखे, न त इज्जत नै राखे देशको ।
पैसा कमाउने बेहोसमा राज्य चलाएका छन् ।'

देशको राजनीति सञ्चालन गरिरहेका मान्छे, वर्ग र संगठनहरुको कार्यशैली र गैरजिम्मेवारीपनप्रतिको यस कटाक्षमा आम नागरिकको सन्तुष्टि समेटिएको छ । शक्ति, सत्ता र धन कमाउने होडबाजीमा लागेर आफ्नो सामाजिक कर्त्तव्य बिर्सिरहेका मान्छेलाई दिला शाहले यसरी व्यङ्ग हानेकी छन् :–

'शक्ति, सत्ता र धनको के घमण्ड गर्छौ मान्छे?
अन्तिममा त सबैको समाधि बगरमा हुन्छ ।'

यी पङ्क्ति लेखिनुको प्रयोजन मानिसहरु आफ्नो कर्त्तव्य र जिम्मेवारीबाट नपन्छियुन् भन्ने नै हो । त्यस्तै नेमबहादुर शाहीले यहाँका सबै

विकृति, विसङ्गतिहरुको दोष सरकारकै टाउकोमा खन्याएका छन् । सम्पूर्ण नागरिकहरुलाई अभिभावकत्व र नेतृत्व दिनु पर्नेमा सरकार नै समस्याहरु निम्त्याउन अग्रसर भएको देखेर उनि आहत भएका छन् र लेख्न पुग्छन् :–

'सरकारले नै छरिराख्यो बिउ एकोहोरो ।

रोग, भोक, शोक यत्रतत्र गरिवलाई ।'

सरकारले आफ्ना समस्या हल गरि देला भनेर आशा राखेर बस्ने समाजको श्रमजीवि वर्गको आर्तनाद पोखिएको छ नेमबहादुर शाहीको कलमबाट । त्यसरी नै मुना विष्टले पनि मानिसमा बढ्दै गरेको दानविय प्रवृत्तिमाथि यसरी कटाक्ष हानेकी छन् :–

'छोटो नलगाऊ, राती नहिंड भन्छौ युवतिलाई ।

दुधे नानी, बृद्ध आमा कसरी बलात्कृत हुन्छन् ।'

यी शेरहरु केही नमूनामात्रै हुन् । यस्ता जनसरोकार, जनचासो, जनआक्रोश र जनअपेक्षा समेटिएका थुप्रै कटाक्षपूर्ण शेरहरु यस सङ्ग्रहमा भेटिन्छन् ।

साहित्य सिर्जना निरन्तरको अभ्यास हो । तपेन्द्रबहादुर मलाती 'अवशेष', दिला शाह, नेमबहादुर शाही, मन भण्डारी र मुना विष्टको प्रथम प्रयासलाई साहित्यको कसीमा घोटेर यसको काव्यिक गुणवत्ताको आँकलन गर्न यति छिट्टै मिल्दैन । लामो यात्रामा हिंडेका पथिकहरुलाई प्रथम पाइला उँचालेको बेलामा प्रोत्साहित र उत्साहित पार्नु न्यायसंगत हुन्छ ।

'शङ्खनाद' समाजलाई स्वच्छ बनाउने र सामाजिक वातावरणलाई निर्मलीकरण गर्ने प्रयत्न हो । आफ्ना हृदयका रागविरागलाई मात्रै गजलमा ढालेर आफै दंग पर्नुभन्दा सामाजिक सरोकारका कुराहरुलाई आफ्ना गजलमा ढाल्नु आफैमा प्रशंसनीय कार्य हो ।

आफ्नो गजल सिर्जनालाई सामाजिक सराकोरसंग जोड्न खोज्ने तपेन्द्रबहादर मलाती 'अवशेष', दिला शाह, नेमबहादुर शाही, मन भण्डारी र मुना विष्ट नामका पाँचै जना संवेदनशील भावकहरु धन्यवादका सत्पात्र भएका छन् ।

**– खगेन्द्र गिरि 'कोपिला'**
आदर्शमार्ग, नेपालगन्ज–१
(२०७८ कुशे औंसी)

# गजल क्रम

## पृष्ठ सङ्ख्या

१) तपेन्द्रबहादुर मलाती 'अवशेष'का १० गजल पृष्ठ देखि पृष्ठ सम्म

२) दिला शाहका १० गजल पृष्ठ देखि पृष्ठ सम्म

३) नेमबहादुर शाहीका १४ गजल पृष्ठ देखि पृष्ठ सम्म

४) मन भण्डारीका १० गजल पृष्ठ देखि पृष्ठ सम्म

५) मुना विष्टका १० गजल पृष्ठ देखि पृष्ठ सम्म

# तपेन्द्रबहादुर मलाती ‘अवशेष’

अछामको पञ्चदेवल विनायक नगरपालिका ४ टोट्केसालमा स्थायी घर भएका तपेन्द्रबहादुर मलाती ‘अवशेष’ उदीयमान युवा साहित्यकार हुन् । बुवा स्व. मोती मलाती र आमा देउधरी मलातीको कोखबाट वि.सं. २०५३ साल वैशाख ३ गते जन्मिएका मलातीले साहित्य प्रबर्द्धनका लागि विभिन्न साहित्यिक संस्थाहरुमा रहेर काम गरिरहेका छन् । साहित्य सञ्जाल महासंघका संस्थापक मलाती साधना साहित्य मञ्च नेपालको सञ्चालक समिति सदस्य, समकालिन साहित्य चौतारीको सञ्चालक सदस्यको जिम्मेवारीमा छन् । साहित्यमा विशेषतः गजल र मुक्तक विधामा कलम चलाउने मलाती अभिनयमा समेत विशेष दखल राख्दछन् । नेपाली साहित्यकार विश्व सञ्जालबाट २०७८ सालमा सम्मानित भएका मलाती बासका सक्रिय सदस्य हुन् । उनी बास स्वयम्सेवक समुहको संयोजक, पञ्चदेवल विनायक नगरपालिकामा क्रियाशिल बेलखेत युवा क्लबको संस्थापक अध्यक्ष, परिवर्तनशील समाज संस्थाको सल्लाहकार, उडान नेपालको सचिव रहेका छन् । स्नातक तहमा अध्ययनरत मलाती असल शासन मिडियामा कार्यरत छन् ।

## तपेन्द्र बहादुर मलाती ‘अवशेष’का दश वटा गजल :–

## १

सबै मिली यस्तो नारा लाउनु पर्छ ।
सुनेर सरकार होशमा आउनु पर्छ ।

दोषीलाई समात्ने कानुन नदेख्दा ।
लाग्छ अब जनताले नै धाउनु पर्छ ।

हिजो निर्मला र आज भागिरथी सबै ।
पीडित जतिले न्याय पाउनु पर्छ ।

कमिसन खाँदै दोषी जोगाउनेलाई ।
कानूनले नै ठेगान लगाउनु पर्छ ।

हो बलात्कार गर्ने जति सबैलाई ।
मृत्युदण्ड दिने कानून बनाउनु पर्छ ।



## २

राजा हराए देशमा रानी हराए ।
हाम्रा पुराना ति कहानी हराए ।

कसरी हामी एक बन्न सक्थ्यौं?
मिलेर संगै खाने बानी हराए ।

देशमा अब जनता उठी रहेछन् ।
समाल्ने यहाँ राजधानी हराए ।

आज भारतले सिमाना मिच्दैछ ।
सीमाना, साँध निशानी हराए ।

बेच्दैछन् दलालहरुले यो देश ।
यहाँ इमान्दार परानी हराए ।

३

भ्रष्टहरु माथि यस्तो कदम सर्नु पर्छ ।
लागोस् उसलाई यिनको पाउ पर्नु पर्छ ।

हामी देशको सच्चा नागरिक हौं भने ।
गलतको विरुद्ध वकालत गर्नु पर्छ ।

आमाले एउटै कुरा भन्नु हुन्थ्यो छोरा ।
मेरो होइन यो देशको लागि मर्नु पर्छ ।

आफ्नै देशको भूमि बेच्ने दलालहरुको ।
संभव आँसु पनि रग तबनेर झर्नु पर्छ ।

हुन्छ अनि मात्र विकास यो देशको ।
दलालहरुले देशको सीमाना तर्नु पर्छ ।



४

लुटपाट चोरी डकैती सबै व्यापार मेरो देशमा हुन्छ ।
कानूनमा पनि अचम्मको भ्रष्टाचार मेरो देशमा हुन्छ ।

सीमाना बेचेपछि जेल गएर फर्केको मानिसलाई ।
सम्मानमा फूलैफूलको हार मेरो देशमा हुन्छ ।

कसैलाई न्याय कसैलाई छैन घटना बलात्कार नै हो ।
महोदय सुन्नुहोस् यस्तो पनि प्यार मेरो देशमा हुन्छ ।

प्रहरीकै आँखा अगाडि विमानस्थलमा सामान हराउँछ ।
यस्तो अनौंठो अनौंठो चमत्कार मेरो देशमा हुन्छ ।

आउनुहोस् सबै मिलेर अब सुधारको बिगुल फुकौं ।
इतिहासमा लेख्ने गतिलो समाचार मेरो देशमा हुन्छ ।

५

चिठीमा कसैको लेखेर नाम पठाउनु छ ।
अब युवालाई स्वदेशमै काम पठाउनु छ ।

बौलाहा बनेछन् भ्रष्टाचार गर्न नपाएर ।
उनै महानलाई पाल्न दाम पठाउनु छ ।

गरिबले नै हो उपचारबिना मर्नु पर्ने ।
बचाउने भर भगवान राम पठाउनु छ ।

जीवनदेखि भाग्न खोजिरहेकाहरुलाई ।
अब संन्यास दिएर चारधाम पठाउनु छ ।

जोजो संघर्षको पाठ सिक्न खोजिरहेछन् ।
तिनीहरुलाई मेरो अछाम पठाउनु छ ।



६

वीर गोर्खालीको देशमा राज्य चलाएका छन् ।
आडम्बरीको भेषमा राज्य चलाएका छन् ।

चलाएका छन् देशलाई जलेको चिहान गरी ।
मात्र रहने गरी अवशेषमा राज्य चलाएका छन् ।

न सीमा राखे, न त इज्जत नै राखे देशको ।
पैसा कमाउने बेहोसमा राज्य चलाएका छन् ।

हत्या हिंसा बलात्कृत, चलिबेटी बेचविखन ।
दिनहुँ बढ्दै गरेका केसमा राज्य चलाएका छन् ।

न बनाउने हुन् देश, न बचाउने हुन् सीमाना ।
प्रभु ! यो कस्तो इतिहासमा राज्य चलाएका छन् ।

७

मैले जानीनजानी उसलाई सम्झिनु पर्छ ।
यो जीवन यस्तै हो एकदिन सकिनु पर्छ ।

यो ज्यान यतिसम्म प्यारो रहेछ उसलाई ।
यस्तो लाग्छ मेरो मृत्युले पनि पर्खिनु पर्छ ।

ठिकै रहेछ आमाले सधै भन्नुहुन्थ्यो बाबु ।
यहाँ सधैं दुश्मनको अगाडि छलिनु पर्छ ।

मेरो आँखा फुटेपछि अर्कै संग नाता जोड्यौ ।
धन्न देख्न सकिन मैले धन्यवाद दिनु पर्छ ।

जनताले चाहेको सरकार हुनुपर्छ भनिन्छ ।
त्यही सरकार देखेर त जनता दबिनु पर्छ ।



८

बुवाको माया त आँसुकै साथ पानी भएर गयो ।
आमा तिम्रो भगवान आज खरानी भएर गयो ।

मैले पाल्न नसकेपछि बृद्धाश्रम छोडेकी आमाले ।
कसरी भनिन् मेरो छोरा आज ज्ञानी भएर गयो ।

पढ्छु, लेख्छु, बिद्धान बन्छु भन्ने मेरो सपना ।
टुहुरो भएपछि पुरानो कुराकानी भएर गयो ।

आफन्तनै नभएपछि अरुकै घरमा हलिया गर्दै ।
बृद्ध उमेर जसरी नै उसको जवानी भएर गयो ।

शीर ठाडो पारी हेर्न नसकिने भयो आजभोलि ।
जताकतै देश भ्रष्टाचारको खानी भएर गयो ।

९

लकडाउन पनि कति मात्र विद्यार्थीलाई ।
हुनसम्म भयो क्षति मात्र विद्यार्थीलाई ।

विद्यालय मात्र बन्द छ किन ए सरकार !
किन गरेको हो आपत्ती मात्र विद्यार्थीलाई ।

भट्टीमा मदिरा गाडीमा सवारी चलेकै छ ।
आएको रहेछ दुर्गति मात्र विद्यार्थीलाई ।

यो कोरोना पनि कसैको लागि रहेन छ ।
गाँसेर आयो पिरती मात्र विद्यार्थीलाई ।

न केही गर्ने हो न गराउँछ सरकारले ।
हे भगवान देउ शक्ति मात्र विद्यार्थीलाई ।



१०

पूर्व, पश्चिम, उत्तर, दक्षिण धाउनु पर्छ अब ।
भ्रष्टाचार मुक्त गर्न युवा आउनु पर्छ अब ।

दस खर्च गरी पचास कमाउने नेतालाई ।
निवेदन छ ! राजनितिबाट हटाउनु पर्छ अब ।

चिया पिउँदै लिएको घुस तिमीले फलानोसंग ।
महाशय सजाय त एकदिन पाउनु पर्छ अब ।

गए भन्सारमा हात मिलाउने ती जमाना पनि ।
हामी इमान्दार भएको कुरा जनाउनु पर्छ अब ।

# दिला शाह

नेपालगन्ज क्षेत्रका महिला उद्यमीहरुको नाम लिनुपर्दा दिला शाहको नाम अग्रपङ्क्तिमा आउँछ। बुवा मान बहादुर र आमा देवा शाहको कोखबाट २०४० साल साउन ३ गते सल्यान जिल्लाको मालनेटामा जन्मिएकी दिला बहुप्रतिभाशाली व्यक्तित्व हुन्। शाह सफल उद्योगी, साहित्यकार तथा समाजसेवी हुन्। बास नेपालकी कार्यबाहक कोषाध्यक्ष शाह औद्योगिक क्षेत्र नेपालगन्जमा रहेको गणपति प्लाष्टो इन्डष्ट्रीज कम्पनीको प्रबन्धक हुन् । शाह परिचित साहित्यकार तथा स्तम्भकार हुन्। उनका लेख, रचनाहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित छन्। संसाक तारा–शंकर मुक्तक/हाइकु पुरस्कार –२०७६ बाट पुरस्कृत शाहले स्नातक उत्तीर्ण गरेकी छन्।



# दिला शाहका गजलहरु -

१.

हृदयमा अब नौला कथाहरु कोर्नु पर्छ ।
सिर्जनाको मुहान कलमबाटै फोर्नु पर्छ ।

आँटेपछि सक्छु सागरको गहिराइ नाप्न ।
कस्ता हुन्छन् मोतीदाना आँखाले हेर्नु पर्छ ।

निभ्न दिन्न मनको आशा सधैं जगाइराख्छु ।
आशाहरु बटुलेर आगो मैले जोड्नु पर्छ ।

अन्धकार हटाउने उज्यालो म दीयो बनुँ ।
कलमबाटै लोकको मन र मुटु चोर्नु पर्छ ।

बाँचुञ्जेल सबैको प्रिय बनी बाँच्न पाउँ म ।
मर्दा पनि कसैको मन नदुखाइ मर्नु पर्छ ।



२.

जीवन सधैं सोचेकोजस्तो सजिलो हुँदैन ।
प्रत्येक दिन सधैं रोजे जस्तो गतिलो हुँदैन ।

लेखेको हुन्छ छैठीको दिन भावीले निधारमा।
सबै कुरा पाकेको फल झैं रसिलो हुँदैन ।

छाला पनि चाउरिने छ, हराउँछ यौवन ।
बैंसमा भएजस्तो शरीर सधैं कसिलो हुँदैन ।

मन दुखेर संसार शून्य लागेको बेलामा ।
कसरी हाँस्नु कसैको मुहार हँसिलो हुँदैन ।

चस्की दुख्ने मनभित्र छ भने गहिरो घाउ ।
चोटै चोटले गलेको शरीर खँदिलो हुँदैन ।

३.

मन दुखाउन घरीघरी उसैको याद आउँछ ।
विगतको सम्झना थरीथरी साथ आउँछ ।

दीयो बालेर प्रतिक्षा गरिरहेछु हरपल म ।
उनलाई साथ नलिई फेरि लामो रात आउँछ ।

उनी थिए, सबै थियो, जीवनमा खुसी थियो ।
सोचिएन कुनै पल यति ठूलो घात आउँछ ।

बर्षायाममा रुझ्दै भिज्दै संगै घुमेका थियौं ।
झझल्को आइहन्छ जबजब बर्षात् आउँछ ।

मिल्ने भए फर्काउन हुने थियो ती दिनहरु ।
छोडेर गएका पलहरुकै याद किन खास आउँछ?



४.

अविरल बगिरहेको राप्तीको पानी थियो ।
जल्दै गरेको चितामा छोराको कहानी थियो ।

हिजोसम्म मनमा त्यही छोराको आश थियो ।
कठै ! आज त बगरमा एकमुठी खरानी थियो ।

च्यातिएको तिम्रो चोलो फेर्छु आमा भन्दै थियो,
एकैछिन्मा हराइजाने कस्तो जिन्दगानी थियो !

बुढेसकालमा तिम्रो लौरी बन्छु भन्थ्यो छोरो ।
यौवनमै चुडेर लाने कालको मनोमानी थियो ।

चितालाई हेर्दै रुँदै बुढीआमा भन्दै थिइन् ।
बरु मैले मर्नु पर्थ्यो, छोराको त जवानी थियो ।

५.

बिहानै उठेर सेतो हिमाल हेर्न मन लाग्छ ।
निर्धक्क भई शान्ति श्वास फेर्न मन लाग्छ ।

कस्तो आयो डरलाग्दो रोग भोक जतातत‌ै?
नेपालीको दु:ख कष्ट सबै हर्न मन लाग्छ ।

बर्षौदेखि गुम्सिएको रहरको पोको खोली ।
मनभित्रको अनन्त सागर तर्न मन लाग्छ ।

चारैतिर महामारी फैलिएको यस समयमा ।
निश्वार्थ भै बिरामीको सेवा गर्न मन लाग्छ ।

छट्पटिदैं आफन्तले संसार छोड्दाखेरी ।
बचाएर उनलाई, आफै मर्न मन लाग्छ ।



६.

देशको एउटा यौद्धा बनेर आउँछु भन्थ्यो ऊ ।
सबैको मनलाई छुने गीत गाँउछु भन्थ्यो ऊ ।

दुनियाँले यहाँ जतिसुकै उपहास गर तापनि ।
तिमी संग नै अमर पिरति लाउँछु भन्थ्यो ऊ ।

कुल्चिएर संसारले दोबाटोमा फाले फालोस् ।
उठाएर मनको महल सजाउँछु भन्थ्यो ऊ ।

तिमीले वास्तै नगरेर बाटो मोडी गए पनि ।
अन्तिमसम्म तिम्रैलागि धाउँछु भन्थ्यो ऊ ।

नबुझे पनि तिमीले म र मेरो भावनालाई ।
एकोहोरो भए पनि माया गर्न पाउँछु? भन्थ्यो ऊ ।

७ .

आमाको सपना गाउँको सानो घरमा हुन्छ ।
छोराको रहर झिलिमिली शहरमा हुन्छ ।

शक्ति, सत्ता र धनको के घमण्ड गर्छौ मान्छे?
अन्तिममा त सबैको समाधि बगरमा हुन्छ ।

हरेह दिन ऐंठन पर्ने गर्छ सपनाहरूमा ।
अझ बज्रपात यहाँ मान्छेको रहरमा हुन्छ ।

इच्छा त कसलाई हुन्छ यहाँ? परदेशी बन्न ।
तर त्यो बिचरो युवक ऋणको कहरमा हुन्छ ।

मुटुबाट धमनीमा बग्ने रगतको बेग झै ।
उत्साह त सदैव त्यो सागरको लहरमा हुन्छ ।



८.

निर्धक्क निदाउन मन छ आमा तिम्रो छातीमा ।
हुन्छु प्रफुल्ल धपक्क बलेझैं उज्यालो बातीमा ।

एउटा चित्र तिम्रो खिचेर लैजान्छु है आमा म ।
हेरुँला जब तिम्रो सम्झना आउने छ रातीमा ।

संसारमै पाइन्छ खोजेपछि सम्पूर्ण कुराहरु ।
आमा तिमीलाई मात्रै पाइन कुनै प्राणी जातीमा ।

अधुरा पो लाग्छन् सबै कुरा अचेल तिमी बिना ।
संसार जितेर म जतिसुकै पुगे पनि माथिमा ।

अवसरवादी र स्वार्थीहरु भेटिन्छन् यात्रामा ।
तिम्रोजस्तै स्नेह पाउँदिन यहाँ कुनै साथीमा ।

९.

आशै मारेपछि मान्छे, भाग्य के बदल्न सक्छ ।
नदेऊ त्यो सिन्दुर जो पानीले पखाल्न सक्छ ।

यो समयको खेल हो आफै तयार हनु छ ।
यसले बाङ्गोटिङ्गो पनि पाइला चाल्न सक्छ!

कहाँ भेटिन्छ र बाहिरी नजरले खोजेर ।
डुबेपछि मात्र सागरमा मोती निकाल्न सक्छ !

शक्ति र सत्ताको घमण्ड के गर्छौ निर्धामाथि ।
निभेपछि त्यो आगोले के घ्यू पगाल्न सक्छ ?

आजकल खोजिरहेछु यौटा त्यस्तो मान्छे म ।
जसको हेराइले यो रगत उमाल्न सक्छ ।



१०.

हिलो मै हुर्किएर कमल भएकी हुँ र त मलाई माया छ हिलोसँग ।
छोरा तिमीले आउन धेरै ढिला गऱ्यौं बाको प्राण गएन सजिलोसँग ।

प्रतिक्षा तिम्रै थियो, रोग र शोक थियो, अभाव थियो र भोक थियो ।
आमाले कैयौं भोक, प्यासहरु मेटाइन् सधैं आँसुको नुनिलोसँग ।

बर्षौदेखिको बेचैनी थियो, प्यास थियो र आउँछौ भन्ने आश थियो,
सबै कुरा अधुरो भएपछि एक्ली आमा आफै रेटिइन् धारिलोसँग ।

तिमी परदेशी भयौ म पराइ घरमा, कस्तो भयो लौन यो नियति ?
बाआमाको जीवन सधैं अँध्यारो भयो, लागेन घाम पारिलोसँग ।

सुक्क सुक्क रुँदै श्रम गरिरह्यो छोरोले बाबुलाई भनी दौरा किन्न,
थकाइ नमानी पसिना पोख्दै खाडीमा, खेलिरह्यो ऊ रापिलोसँग !

# नेमबहादुर शाही

नेमबहादुर शाही शिक्षण पेशामा आवद्ध छन् । २०४२ साल असार १५ गते बुवा स्व. कलबहादुर र आमा स्व. ईश्वरी शाहीको कोखबाट दैलेखको ठाँटिकाँध गाउँपालिका वडा नम्बर ६ (साविक तोलीजैसी गाविस वडा नम्बर ७) मा जन्मेका शाही मालिका मा.वि. ठाँटिकाँध वार्ड नं. ६ पाँचलामा प्रा.वि. तहका स्थायी शिक्षक हुन् । अग्रेजीमा एम. ए. र शैक्षणिक योजना तथा मुल्याङ्कनमा एम. एड. गरेका शाही विगत ८ वर्षदेखि शिक्षण पेशामा सक्रिय छन् । शाही बास नेपालका पूर्व केन्द्रीय सदस्य हुन् । साहित्यमा रुचि भएका शाहीले रचना गरेका विभिन्न लोक तथा डेउडा गीतहरु रेकर्ड भइसकेका छन् । स्थानीय लोपोन्मुख लोक संस्कृतिको खोज, अनुसन्धान र संरक्षणको कार्यक्रमाम सक्रिय शाहीका विभिन्न साहित्यिक लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित पनि भएका छन् ।



# नेमबहादुर शाहीका दश वटा गजल

१.

देश डुबायौ स्वार्थमा लागि भ्रष्टहरू !
सत्ता पराईको हातमा राखी भ्रष्टहरू !

जो मऱ्यो ओछ्यानमा अक्सिजन नपाएर ।
उसकै नाममा खायौ चन्दा मागि भ्रष्टहरू !

निर्दोष मान्छे दोषी भयो तिम्रो अदालतमा ।
दोषी कहिले पनि भएन अपराधी भ्रष्टहरू !

अस्तित्व र अस्मिता खोजेर रूँदा पनि ।
कुल्चिरह्यौ तिमी आमाको छाती भ्रष्टहरू !

भोको पेटमा लात्ती हानी गरिब जनतालाई ।
रोग, भोक र शोक पो दियौ साथी भ्रष्टहरू !



२.

देश लुटेरा नेता सबै कतिलाई दोष दिउँ?
लाग्छ बरू भोट दिने जत्तिलाई दोष दिउँ ।

गर्भैबाट हामीले देशको ऋणी बन्नु पर्ने ।
हाम्रो यही भाग्यरेखा नियतिलाई दोष दिउँ ।

जसले गर्छ भ्रष्टाचार लुटी देशको ढुकुटीलाई ।
उसलाई निर्दोष बनाई किन श्रीमतिलाई दोष दिउँ

कहिलेकाहीं त यस्तो लाग्छ सारा अपराधको ।
भ्रष्ट पार्ने कलम चलाई सरस्वतीलाई दोष दिउँ ।

जहिले पनि भ्रष्टाचारी मात्र जन्माइरहने ।
जति छन् सबै समयको गतिलाई दोष दिउँ ।

३.

जिउँदै छ सामन्तवाद शोषित छन् मान्छे ।
रगत पसिना बगाएर पीडीत छन् मान्छे ।

कोही हुने खाने अनि कोहि हुँदा खाने ।
समाजमा दुई वर्गमा विभाजित छन् मान्छे ।

वर्गविहिन राज्यसत्ताको निम्ति लडे पनि ।
नउदाउँदा मुक्तिको दिन दुखित् छन् मान्छे ।

लुटिएको काखको सन्तान पुछिएको सिन्दुर ।
सम्झिएर गाउँबस्ती मुर्छित छन् मान्छे ।

जनताको ढाडमा टेकी टाउको ताक्नेहरू ।
राजधानीमा भन्छन् गाउँमा हर्षित छन् मान्छे ।



४.

लाग्छ छोरी तिमीलाई जन्माउन गाह्रो ।
त्यो भन्दा पनि धेरै झन् हुर्काउन गाह्रो ।

पापीहरु आँखा गाड्छन तिम्रो यौवनमा,
असुरक्षित छौ यो समाजमा बचाउन गाह्रो ।

दुई छाक टार्न पनि कठिन छ बाआमालाई ।
दाइजो दिई पराईको साथ पठाउन गाह्रो ।

रजस्वला हुनु त तिम्रो अपराध होइन ।
रुढीवादी यो समाजलाई बुझाउन गाह्रो ।

योग्यता र क्षमताले सक्षम भए तापनि ।
राज्य मान्छ ठूलो पदमा बसाउन गाह्रो ।

५.

मान्छे अछुत ढुङ्गा शुद्ध ठान्ने समाज हो यो ।
कुकुरभन्दा अपवित्र मान्ने समाज हो यो ।

कहाँ छ र समानता मानव–मानवबीचमा ।
पुरूष घरमा महिला गोठमा राख्ने समाज हो यो ।

बोलीमा विश्वास गर्न कहाँ सजिलो छ र?
ढाडमा टेकी टाउकोमा हान्ने समाज हो यो ।

प्रगतिको सगरमाथा चढ्न लाग्दा कोही ।
पछाडिवाट रिसले खुट्टा तान्ने समाज हो यो ।

आधुनिकता पचाउदैन रुढीवादी चिन्तनले ।
बर्षौदेखि कुसंस्कारलाई धान्ने समाज हो यो ।



६.

हजुरको र मैले बाँच्ने जीवन एउटै छैन ।
मुटु एउटै होला तर धड्कन एउटै छैन ।

संस्कार मिल्छ, धर्म मिल्छ तर पनि यहाँ ।
हामी बस्ने समाजको चलन एउटै छैन ।

समानता खोज्नु हुन्छ, समाजभित्र किन?
परिवारभित्रै सबैको मन एउटै छैन

बदल्ने हो देश अनि जनताको भविष्यलाई ।
लक्ष्य मिल्छ राजनीतिको दर्शन एउटै छैन ।

हुन त लाजै ढाक्ने उदेश्य हो आखिर ।
धनी र गरिवको लाउने पहिरन एउटै छैन ।

७.

खै के सोच्यो देशले एउटा दूत मानिरह्यो ।
परिवर्तन गर्न ज्यानलाई सपूत मानिरह्यो ।

जुन धर्मलाई पुजिरहेँ, अन्धभक्त बनिरहें ।
उहीं धर्मले मलाई किन अछुत मानिरह्यो?

हाडछाला घोटी रातदिन कमाएको मैले ।
सम्पत्तिलाई अख्तियारले अकुत मानिरह्यो ।

छियाछिया भइसक्यो चोटहरुले छाती मेरो ।
हानिरहयो जिन्दगीले मजवुत मानिरह्यो ।

सत्यता त ईश्वर जानोस् उसले भने मलाई ।
आफ्नो घर बिगार्ने दुश्मन बहुत मानिरहयो



८.

रजाइँ गऱ्यो महलमा गास लुटीलुटी ।
गरिबले छाक टाऱ्यो मकै भुटीभुटी ।

भुकम्पले घर लडायो असीनाले बाली ।
प्रकृतिले शासन गर्छ धर्ती चुटीचुटी ।

बिर्सिएन कोरोनाले सरकारले बिर्स्यो ।
एकछाक खाने बेसहारा गिट्टी कुटीकुटी ।

सत्ता चढ्ने सिढी भए दुरदराजका बस्ती ।
लुटिरह्यौ कहिले जुटी कहिले फुटीफुटी ।

बिरामीले ज्यान गुमायो अक्सिजन खोज्दै ।
घरमा होइन अस्पतालको बेडमै सुतीसुती ।

९.

विधाताले पनि राख्यो शर्त गरिवलाई ।
शासन गर्ने दुःखको एकछत्र गरीवलाई ।

बदलियो शासन सत्ता, बदलिएन भाग्य ।
कोही आएन हेर्ने अलपत्र गरीवलाई ।

सरकारले नै छरिराख्यो बिउ एकोहोरो ।
रोग, भोक, शोक यत्रतत्र गरिवलाई ।

जन्माएन देशले सपूत अन्त्य गरिदिने ।
भोकमरीको झुपडीमा व्रत गरिवलाई ।



१०.

कानुनमा त लेखेको छ दण्ड भ्रष्टलाई ।
तर सधैं हुँदो रहेछ उमङ्ग भ्रष्टलाई ।

चलेकै छ टेवुलमुनि कारोवार लेनदेनको ।
कुन ठाउँमा भएको छ र बन्द भ्रष्टलाई?

गास,वास फेर्दै हिड्छन् आँखैअघि कानूनको ।
सम्पत्तीको छानविन कसले गर्छ भ्रष्टलाई ।

सम्पत्तिको छानविन यहाँ जति गरे पनि ।
भएको हुँदैन रहेछ जेलमा कष्ट भ्रष्टलाई ।

# मन भण्डारी

मन भण्डारी भ्रष्टाचार विरुद्धका अभियन्ता हुन् । २०४३ साल जेष्ठ १५ गते बुवा जगती र आमा सीता भण्डारीको कोखबाट दैलेखको ठाँटिकाँध गाउँपालिका वडा नम्बर ६ (साविक तोलीजैसी गाविस वडा नम्बर ७) मा जन्मेका भण्डारी बास नेपालका निवर्तमान अध्यक्ष हुन् । नेपाली विषयमा स्नाकोत्तर भण्डारी विगत १४ वर्षदेखि पत्रकारितामा सक्रिय छन् । असल शासन मिडीयामा प्रवन्ध सम्पादकको रुपमा कार्यरत उनी स्वतन्त्र पत्रकार संघ नेपाल बाँकेको उपाध्यक्ष पनि हुन् । साहित्यमा रुचि भएका भण्डारी अभिनयमा विशेष दख्खल राख्छन् ।



# मन भण्डारीका पन्ध्र वटा गजल

१.

मनपरी गरेर यहाँ मिचिन्छ सधैं संविधान
जनताको अधिकार खोसिन्छ गर्दै अपमान

दिगो विकास र सुशासनका नारा लाउनेहरु
आफ्नै स्वार्थ पुरा गर्छन्, भन्छन् स्वाभिमान

जनता मर्दैछन् रोग, भोक अनि महामारीले
केन्द्रमा चल्दैछ सत्ताको लडाइँ बन्दै बेइमान

भ्रष्टाचार र बलात्कार मौलाउँदैछ देशमा
जसले जे गरेपनि हुने शक्ति छ बलवान

जनताको संविधान भनिएको थियो मनमा
रहेछ दुईचार जनाले मोज गर्ने अभियान



२.

रोजगार छैन, लत्ता छैन स्वदेश आउनलाई
सरकारसंग योजना छैन स्वदेश आउनलाई

बेरोजगारले सताउँदा युवा वर्ग विदेशतिर
बेरोजगारी भत्ता छैन स्वदेश आउनलाई

सरकार आफै लम्पसार छ विदेशीको आशमा
जनमुखी सत्ता छैन स्वदेश आउनलाई

गणतन्त्र, संविधान र संघीयता आयो देशमा
अझैं देशमा एकता छैन स्वदेश आउनलाई

सबैले सुख पाउँछन् विकासले गति लिन्छ
आश्वासन दिएका छन् स्वदेश आउनलाई

३.

देशको व्यवस्था बदलियो व्यवहार बदलिएन
सरकारमा व्यक्ति बदलिए अत्याचार बदलिएन

जनमुखी शासन चल्छ गणतन्त्रमा भनेकै हुन्
गरिब निमुखा जनताको घरबार बदलिएन

लहर चल्छ सुनिन्थ्यो गाउँगाउँमा विकासको
विकासको नाममा हुने भ्रष्टाचार बदलिएन

कोही सानो कोही ठुलो भेद्भाव हुन्न भन्थे
जनताप्रति शक्तिशालीको विचार बदलिएन

गाउँगाउँमा सिंहदरवार सबैको नारा थियो
गाउँका सिंह बदलिए तर दरवार बदलिएन



४.

अस्थिरताको राजनीतिले निकास कहिले पाउने
नेपाल र नेपालीले विकास कहिले पाउने

कहिलेसम्म हेरि बस्ने लडाइँ सत्ताको
शान्ति र सद्भावको आभास कहिले पाउने

भौतारिदै हिडेका छन् सर्वहारा गल्लीगल्ली
भोका, नाङ्गा जनताले गास कहिले पाउने

लडाइँ चल्छ जहिले पनि पाउनलाई कुर्सी
सरकारबाट जनताले आश कहिले पाउने

५.

भ्रष्टाचारलाई निर्मुल गर्न उठ्नु पर्छ अब
सुशासनको सन्देश छर्न उठ्नु पर्छ अब

अशिक्षाको तुवाँलोले गाउँबस्ती ढाकेको छ
चेतनाको मसाल भर्न उठनु पर्छ अब

सङ्घर्षका यात्राहरु एकपछि अर्को गर्दै
सुशासनको बिउ उमार्न उठनु पर्छ अब

सभ्य समाज निर्माण गर्न सोच्ने बेला आयो
भ्रष्टहरुलाई सखाप पार्न उठनु पर्छ अब



६.

भ्रष्टाचार गर्ने नेता मन परेन
आफनै दुनो भर्ने नेता मन परेन

धेरै थिए आशाहरु थाँती राखेकै छु
झुट्टा भ्रम छर्ने नेता मन परेन

कोही छैन आफ्नो देशको विकास गर्ने
विदेशीको भर पर्ने नेता मन परेन

अघिपछि कता हुन्छन् अत्तोपत्तो हुन्न
चुनावमा अघि सर्ने नेता मन परेन

७.

चेतनाको दीयो अझै बल्न बाँकी छ
भ्रष्टहरुको शासन सत्ता ढल्न बाँकी छ

जल्न थाल्यो जताततै परिवर्तनको राँको
सुशासनको शासन देशमा चल्न बाँकी छ

सत्तापक्ष, प्रतिपक्ष लड्नमै बित्छ समय
जनतालाई सुखको फल फल्न बाँकी छ

कालोबजारी र महङ्गीमा बाँच्ने कसरी
दोषीलाई कालो मोसो दल्न बाँकी छ



८.

जागिर खान आफ्नो मान्छे नेता हुनुपर्ने
नत्र भने सोझासोझा भोकै रुनुपर्ने

मान अनि सम्मान छैन शैक्षिक योग्यताको
पढी लेखी बिदेशतिर सधैं धाउनुपर्ने

सबैलाई रोजगारमुखी संविधान बन्छ भन्थे
बेरोजगारले सताउँदा उनकै पाउ छुनुपर्ने

आयोग लड्दा लिखितमा नाम निस्के पनि
मौखिकमा पैसा खुवाई फर्की आउनुपर्ने

कति दिन्छन् धोका अझै हेरौं यो मनलाई
एकान्तमा बसेर दुःखका गीत गाउनु पर्ने

९.

तिमीलाई के थाहा आटाको गास मेरो
पहाडको झुपडीमा बसेको वास मेरो

मीठो खाने राम्रो लाउने रहरहरु हुँदाहुँदै
च्यातिएर फाटेको लगाउने कपास मेरो

फुर्सद छैन तिम्रो जस्तो बस्न पाउने मलाई
रात, दिनै काम गरी थाकेको सास मेरो

सहरमा महल बनाई कुर्सीमा आराम गर्छौ
तिमीलाई के थाह यति ठूलो आश मेरो

के नै थियो सौगात अरु यो मनले पाउने
रात दिनै माटोसंग खेलेको हो लास मेरो



१०.

अन्याय र अत्याचारले सीमा नाघ्यो धेरै
दिन, दिनै भ्रष्टाचारले सीमा नाघ्यो धेरै

विकासको नाउँमा आएको बजेट हिनामिना
भ्रष्टहरुको सरकारले सीमा नाघ्यो धेरै

जनता भोकै रोइबस्ने नेतालाई सुन फल्छ
यहाँको स्वार्थी विचारले सीमा नाघ्यो धेरै

जति हुन्छ विकास सारा बजारमै सीमित भो
काठमाडौंको सिंहदरवारले सीमा नाघ्यो धेरै

सुरक्षित भै बाँच्न पनि गाह्रो हुन लाग्यो
महिलामाथि बलात्कारले सीमा नाघ्यो धेरै

**११.**

कोही बस्ने दरवारमा कसैलाई वास छैन
सडक, पेटी धाउँदा पनि खाने गास छैन

कुरेर बसैकै हौं आशाहरु मनमा साँची
भ्रम जति झुट्टा भए अब कुनै आश छैन

गाउँगाउँमा सिंहदरवार पुग्छ भन्थे नेताहरु
संघीयता आयो देशमा हामीलाई सुवास छैन

कहिल्यै सडक, कहिल्यै गल्ली धाउँदैमा दिन बिते
गाउँघर बस्तीतिर परिवर्तनको आभास छैन

धनी, गरिब सबैलाई एउटै कानून बन्छ भन्थे
संविधान आउँदा पनि जनतालाई उल्लास छैन



**१२.**

घरमाथिको खरको छानो छाउन बाँकी छ
जिन्दगीमा शान्तिका गीत गाउन बाँकी छ

न त मीठो खान पाउनु न त नयाँ लाउनु
गरिबले अधिकार पनि पाउन बाँकी छ

संधैभरि टाली, टुली लुगा फाटो लाउने गर्छु
एक जोड नयाँ लुगा पनि लाउन बाँकी छ

लोकतन्त्र र गणतन्त्र सबै आयो देशमा
गरिबको राज्यसत्ता भने आउन बाँकी छ

जहिले पनि धोका हुन्छ जुन शासन आए पनि
दुःखी मनमा खुसीयाली उदाउन बाँकी छ

१३.

अन्धकारमा एक्लै मलाई छोडेकोले रोएँ
खाएका ति बाचा, कसम तोडेकोले रोएँ

एउटै थियो हैसियत हिजोअस्ति हाम्रो
थाहै नदिई अर्कैतिर मोडेकोले रोएँ

कति मीठो बोली बोल्थ्यौ सबैलाइ{ मख्ख पार्ने
आजभोलि बाटो भाँची हिंडेकोले रोएँ

कति स्वार्थी हुँदोरैछ यति छिट्टै मन पनि
मित्रताको नाता थियो फोडेकोले रोएँ

केही छैन तिमीलाई भन्नु पर्ने अब
मलाई छोडी अन्तै मन जोडेकाले रोएँ



१४.

विकासको नाममा बजेट पास हुन्छ सधैं
महल बस्ने मालिकलाई गास हुन्छ सधैं

गाउँमुखी विकास गर्छौ भन्छन\ नेताहरु
फर्किएर आउदैनन\, बजार वास हुन्छ सधैं

कहिले आउला स्थायी शासन जनताको लागि
निमुखालाई यही मात्र आश हुन्छ सधं}

कहिलेसम्म चल्ने हो विदेशीको इशारामा
नागरिकको हृदयमा त्रास हुन्छ सधं}

# मिना विष्ट 'मुना'

मिना बिष्टको जन्म बि.स. २०४९ सालमा बुवा रतनसिंह विष्ट र आमा शान्ती विष्टको कोखबाट अछामको कमलबजार नगरपालिका वार्ड नं. ३ बयालामा भएको थियो ।

साहित्यको गजल विधामा कलम चलाईरहेकी विष्ट बास नेपालको जनसम्पर्क अधिकृतको रुपमा कार्यरत रहेकी छिन् । स्नातक तहसम्मको अध्ययन गरेकी उनी सामाजिक विकृती र विसङ्गतिविरुद्ध कलम चलाउन रुचि राख्छन् । स्वतन्त्र पत्रकार संघ नेपाल, बाँके शाखाको कोषाध्यक्ष समेत रहेकी  मुना असल शासन मिडियामा प्रतिनिधिको रुपमा कार्यरत छन् ।



# मुना बिष्टका दश वटा गजल

१.

चरम अभावमा आश देखाउने राहदानीले रहेछ
परिवारसंगै बाँच्न पाउने त भाग्यमानीले रहेछ

कोही यति प्यारो कसरी हुन्छ म सोच्ने गर्दथें।
मुनाको मदन आयो अब प्रष्ट भएँ बानीले रहेछ।

अफ्ठ्यारो पर्छ हिमानीलाई हेर्छु साहस बटुल्छु।
बलियो छाप छोड्ने सङ्घर्षशील परानीले रहेछ ।

सम्झे भने पनि मन दुख्छ मेरी आमाको अभाव।
प्रायः साँझ उहाँको भोक मेटाउने पानीले रहेछ।

जीवनमा सुन्दर सपनाहरु जतिसुकै देखिए पनि।
सफलताको शिखर चढाउने आफ्नै लगानीले रहेछ।



२.

भ्रष्टाचारी र दलालसंग मेरो रगत न दाँज।
राष्ट्रप्रति उच्च सम्मान यसमा मत न दाँज।

सम्पन्नताभन्दा ठूलो सन्तुष्टि नै हुन्छ मित्र !
तिम्रो अग्लो महलसंग मेरो घरको छत न दाँज।

पागलपनमा चिरेका थियौ राम्ररी थाहा छ।
आफै लडें आफै उठें मसंग खत न दाँज।

मुनामदन लैला मजनुँजस्तै प्रगाढ हाम्रो प्रेम।
बजारको मायासंग शतप्रतिशत न दाँज।

भट्टी, सेकुवा, मदिरा र साहुनीलाई देख्नै नहुने।
मेरो राजकुमारसंग तिम्रो तुच्छ लत न दाँज।

३.

छिमेकीले सीमा मिच्दा के गर्दै छ सरकार?
परिवर्तित नक्सा बन्दा के गर्दै छ सरकार?

हाम्रो देशको सान माथि गिद्दे नजर लाउनेले।
सगरमाथा मेरो भन्दा के गर्दै छ सरकार ?

गौतम बुद्ध, जल र जमिन अनि जडिबुटी ।
हडप्नलाई एकएक गन्दा के गर्दै छ सरकार?

पुर्खाहरुको रगतले सजिएको हो यो भूमि।
लुछ्नलाई स्याल जाग्दा के गर्दै छ सरकार ?

छातीमाथि डोजर चल्दा हाम्री नेपाल आमाले।
बचाऊ भन्दै गुहार माग्दा के गर्दै छ सरकार?



४.

अब मैले हरेक दिनलाई उत्सव मनाउनु पर्छ।
जस्तै कठिन परिस्थितिमा पनि रमाउनु पर्छ।

तेरो मेरो कति भन्छौ छोड यस्ता कुराहरु।
अब जुटौं भ्रष्टाचारमुक्त राष्ट्र बनाउनु पर्छ।

यो प्रक्रिया हो देउता रिसाउँदैनन् अनिष्ट हुदैन।
ज्यानै लिने छाउपडी प्रथा अब सकाउनु पर्छ।

सम्पत्तिभन्दा धेरै मन चाहिन्छ याद गर्नुहोस्।
सम्बन्धलाई जोड्नु पर्छ मान्छे कमाउनु पर्छ।

**५.**

सुशासन कायम राखी काम चाहन्छु ।
मर्यादा जोगाइदिने कुनै राम चाहन्छु ।

युवकहरु स्वदेश फिर्ता हुनै पर्छ अब ।
जोशिला युवा देशमा तमाम चाहन्छु ।

नारीमाथि गिद्धे नजर कदापी नपरुन ।
कानूनमा पनि नवीन आयाम चाहन्छु ।

समृद्ध राष्ट्र बनोस् यही जीवनकालमा ।
उत्तरार्द्धमा भन्नु छ अब आराम चाहन्छु ।



**६.**

देश बदल्छु भनेर एउटा जोशिलो युवा निस्कियो ।
उता स्वतन्त्रता खाज्दै पिंजडाबाट सुगा निस्कियो ।

मलाई त्यही दिनदेखि अति डर लाग्छ आगो देखेर ।
जुन दिन मेरो झुपडीको धुरीबाट धुवाँ निस्कियो ।

अर्ती उपदेश दिनुपर्ने हो फुर्तिला जेष्ठ व्यक्तित्वले ।
बिडम्वना उनीहरुकै भीडबाट जुवा निस्कियो ।

अफ्ठ्यारो कसलाई पर्दैन सम्हाल्न सिक आफुलाई ।
हेर शिशिरपछि बल्ल वसन्तमा पालुवा निस्कियो ।

जङ्गलमा बिउ छोड्न बस्तीमा सुन्दरता भर्न होला ।
मुस्कानसहित उडान भर्न सिमली भुवा निस्कियो ।

७.

तपाइँ हामी युवा वर्ग अब जाग्नु पर्छ ।
भ्रष्टाचार विरुद्धमा साँच्चै लाग्नु पर्छ ।

सजक हुँदै युवा जोश विकास गर्नलाई ।
अनुभवी अग्रजबाट उपदेश माग्नु पर्छ ।

सुशासन र मिचिएका सीमारेखालाई ।
कायम अनि फिर्ता गर्ने सोंच राख्नु पर्छ ।

देउतालाई बली दिने नाटक नगरेर ।
असल बन्छु भनेर आत्मा भाक्नु पर्छ ।

शतप्रतिशत समयको सदुपयोग गर्दै ।
आराम छोडी समृद्धिमा लक्ष ताक्नु पर्छ ।



८

बाँकेवासीको चिच्याहट सरकार सुन्दैन ।
पीडादायी चिकित्सकको चित्कार सुन्दैन ।

रातदिन, रोग, भोक परिवार नभनेका ।
हे भगवान स्वास्थ्यकर्मिको भार सुन्दैन ।

सत्ता पदको मोहमा अति व्यस्त सरकार ।
मृत्युसंग जनता हार्दा यो हार सुन्दैन ।

सचेत भई सुरक्षित रहौं यसमै छ भलाई ।
अचानोको पिर खुकुरीको धार सुन्दैन ।

भागिरथी, निर्मला र रुकुम घटनालाई हेर्दा ।
आँखैंअगाडि सुरक्षाकर्मी नरसंहार सुन्दैन ।

## ९.

जानकार छु तिम्रो दिमागमा तमाम तरङ्ग छन् ।
याद रहोस् बजारमा मायाका अनेक रङ्ग छन् ।

विश्व नियाल्न सकिन्छ सामाजिक सञ्जालबाट ।
तर दुरुपयोग गर्नेहरुका अचेल घरवार भङ्ग छन् ।

बस् बुढेसकालमा बा आमालाई बुझिदिनुहोस् ।
बृद्धाश्रममा बृद्धले लुकाएर राखेका उमङ्ग छन् ।

बर्षौंदेखिको तपस्या पुरा भयो खुसी लाग्यो ।
परिवारका सदस्यको मुहारमा हेर्छु सबै दङ्ग छन् ।

सडकमा भेटिने जतिले नबोले हुन्छ जरुरी छैन ।
कुरा गरेर नथाक्ने मेरा बाआमा मसंग छन् ।



## १०.

यी मान्छे दुष्प्रयासतिर प्रेरित कसरी हन्छन् ?
प्रमाण भेटिएका अपराधी पुरस्कृत कसरी हुन्छन् ?

छोटो नलगाऊ, राती नहिंड भन्छौ युवतिलाई ।
दुधे नानी, बृद्ध आमा कसरी बलात्कृत हुन्छन् ।

अचम्म लाग्छ यहाँ नकारात्मक छवि भएकाहरु ।
रातारात मन्त्री पदमा स्वीकृत कसरी हुन्छन्?

पीडकहरु बहिष्कार हुनु पर्ने हो समाजबाट ।
हिंसाले शिकार चेली घृणित कसरी हुन्छन्?